नवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाः

**Newa National Liberation Front, Nepal**

केन्द्रीय समिति/Central Committee


पौ ल्याः

न्हिल्याः :

तिथि : ने.सं. ११३८ चिल्लागा दशमी

(२०७४/११/२७)

## विषय : संयुक्त वक्तव्य

कथित संविधान ०७३ घोषणा पछि राष्ट्रिय गौरवको योजनाका रुपमा फास्टट्रयाक बनाउने तथा यसको जेरो प्वाइन्ट ललितपुरको खोकनालाई बनाउने र यसको निर्माण कार्य सेनालाई जिम्मा दिने सरकारले निर्णय गरेको छ । आज यस परियोजनाको निर्माणका बारेमा व्यापक रुपमा विवाद र स्थानीय जनताको जनअसन्तोष छरपस्त भइरहेको छ। यस प्रति हाम्रो मोर्चा नेवाः राष्ट्रिय मुक्ति मोर्चा नेपालको गम्भीर ध्यानाकर्षण भएको छ । काठमाण्डौ उपत्यका पुरातात्विक महत्वको ऐतिहासिक साँस्कृतिक शहर हो। यसको संरक्षण, संबर्द्धन र विकास साँस्कृतिक ढंगले गर्नु पर्दछ, यसो गर्न नसके कमसेकम ऐतिहासिक शहरलाई प्रतिकुल असर पर्ने गरी विकासको नाममा विभिन्न संरचना निर्माण गरिनु हुन्न । युनेस्कोको प्रावधान अनुसार पुरातात्विक तथा ऐतिहासिक शहर भएका ठाउँहरुमा विभिन्न संरचना निर्माण गर्दा पालना गर्नु पर्ने सर्तहरु पहिला कार्यान्वयन गरिनु पर्दछ। खोकनालाई फास्टट्रयाकको जेरो प्वाइन्ट बनाउँदा यी पक्षहरुलाई ध्यान दिइएको पाइँदैन। यसले गर्दा खोकना जस्तो ऐतिहासिक तथा साँस्कृतिक सम्पदा नष्ट हुने टडकारो सम्भावना छ। यही कुरालाई लिएर स्थानीय जनताको चर्को विरोध हुँदै आएको छ। सरकारले विभिन्न संरचनाहरु बनाउन थालनी गर्नु अगाडि जनताका आवाज सुनेर र युनेस्कोको मापदण्डलाई पालना गरेर मात्र कामलाई अगाडि बढाउनु पर्दछ। फास्टट्रयाक बनाउने नाममा सैनिक क्याम्प खडा गरेर जब्बरजस्ती जनताको विरोध दबाउने मूर्खतापूर्ण हर्कत सरकारले नगरोस् भन्ने हाम्रो मोर्चा चेतावनी दिन चाहन्छ। अन्यथा यसबाट निम्तिने परिणामको जवाफदेही स्वयम् सरकार नै हुनु पर्नेछ।

जनताको पक्षमा रहेको सरकार भन्नेहरुले कुनै पनि काम अगाडि बढाउँदा त्यस ठाउँका रैथाने जनतालाई सुविधा उपलब्ध हुनुपर्ने, ऐतिहासिक सम्पदाको संरक्षण र जनताको अधिकार स्थापित हुनु पर्ने र गर्नु पर्ने हुन्छ। तर विकासको नाममा भूमाफियाहरुबाट कमिशन प्राप्त गर्ने एक मात्र उद्देश्य बनाएर हाम्रो पुर्खाले संचित गरेका धरोहराहरुलाई नष्ट गर्न पछि नपर्ने द्रव्य पिचासहरु तथा अर्को जाति र उसको सभ्यतालाई निर्मूल पार्ने नियतका साम्प्रादायिक तत्वहरुले आज देशको हालत बेहाल बनाएको स्थिति छ। काठमाण्डौ उपत्यकामा अब फेरि कति मान्छेहरुलाई स्थायी बसोवासीका रुपमा भित्रयाउने ? आज उपत्यकामा खुल्ला ठाउँको अभाव, पानी, बिजुलीको अभाव, फोरह मैलाको व्यवस्थापनको अभाव, भएका बाटाघाटाहरुको दर्दनाक अवस्था कसैबाट छिपेको छैन। के सत्तासीन वर्गको नियत र यहाँका आदिवासीहरुको नियति साँस्कृतिक शहरलाई दुर्गन्धीत, अव्यवस्थित र अभावै अभावले ग्रष्ट बनाउने हो ? अझ आउटर रिङरोड, स्याटलाइट शहर केका लागि ? फेरि अरु लाखौ मानिसलाई उपत्यकामा बसाइसराइ गराउनका लागि र यहाँका आदिवासीहरुलाई विस्थापन गराउनका लागि हो ? आज काठमाण्डौ उपत्यकाको सवालमा यो जीवन मरणको सवाल बनिसकेको छ। सरकार यसमा गंभीर बनोस्। यसको हल प्रतिक्रियावादी सत्ता र यही व्यवस्थाले होइन, नेवाः स्वायत्त राज्य र उत्पीडनको पहिचानका आधारमा संघीयताले मात्र गर्न संभव छ। हाम्रो मोर्चा, नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाल यसको लागि सम्पूर्ण जनतामा हार्दिक अपील गर्दछ।

गोर्की श्रेष्ठ
अध्यक्ष
नेवाःराष्ट्रिय मुक्ति मोर्चा, नेपाल
३ नं. प्रदेश

पवनमान श्रेष्ठ
अध्यक्ष
नेवाःराष्ट्रिय मुक्ति मोर्चा, नेपाल
केन्द्रीय समिति